जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३०२ पृष्ठः ४ | २०८२ चैत्र १३ शुक्रबार (Friday 27 March 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजारका व्यापारी साह तीन दिनदेखि सम्पर्कविहीन

**सुरेश राय**

सिरहा, ११ चैत्र। सिरहा गोलबजारका एक व्यापारी तीन दिनदेखि सम्पर्कविहीन भएका छन्। गोलबजार नगरपालिका-४ का व्यवसायी रामनारायण साह गत मंगलबार बिहान घरबाट 'लहान जान्छु' भनेर निस्किएपछि सम्पर्कमा आएका छैनन्। परिवारका अनुसार, घरबाट निस्किएपछि करिब दिउँसो १ बजे उनले छोरीलाई फोन गरेर मोबाइलमा एक सय रुपैयाँ रिचार्ज हाल्न भनेका थिए। त्यसको केहीबेरमै उनको फोन स्वीच अफ भएको र त्यसपछि हालसम्म सम्पर्कमा नआएको जनाइएको छ। साह गोलबजारस्थित जेम्स स्कुलका संस्थापक तथा प्रिन्सिपल र नेहा मनी ट्रान्सफरका सञ्चालक समेत हुन्। सधैं मोटरसाइकलमा आवतजावत गर्ने उनी उक्त दिन भने बस चढेर लहानतर्फ गएका थिए।



इलाका प्रहरी कार्यालय गोलबजारमा रामनारायणकी जेठी छोरी नेहाकुमारीले बुबाको खोजतलास गरी पाउँ भन्दै निवेदन दिएकी छन्। निवेदन प्राप्त भएसँगै रामनारायणको खोजतलासमा आफूहरू लागि परेको प्रहरी निरीक्षक सुदन केसीले जान्कारी दिए।

उनका अनुसार बुधबार उनको मोबाइलको अन्तिम लोकेशन धनुषाको खजुरी क्षेत्रमा देखिएको छ। परिवारका सदस्यहरूले व्यावसायिक लेनदेनका कारण केही विवाद भएको आशंका गरेका छन्। उनकी छोरी नेहा साहका अनुसार पछिल्लो समय बुबाले कसैसँग चर्को स्वरमा फोनमा कुरा गर्ने गरेको सुनेकी थिइन्। नेहाले भनिन्, 'मनी ट्रान्सफरबाट पैसा लगेको विषयमा विवाद भइरहेको सुनेको थिएँ, तर कोसँग विवाद थियो भन्ने हामीलाई थाहा छैन। बुबा आफैं कुरा मिलाउनुहुन्थ्यो।'

उनका अनुसार सोही दिन दुई जना हिन्दी शब्दमा बोल्ने युवकहरूले विद्यालयबाट बुबाको फोन नम्बर मागेर लगेका थिए। त्यसपछि फोनमार्फत धम्की दिने जस्ता गतिविधि भएको र केही समयमै बुबा सम्पर्कविहीन भएपछि परिवारका सदस्य चिन्तित बनेका छन्। परिवारले आफन्त तथा चिनेजानेका सबैसँग खोजी गरिसकेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाले घटनाको विभिन्न कोणबाट अनुसन्धान र खोजतलास जारी रहेको जनाएको छ।

## सिरहामा वडाध्यक्षले सचिवलाई कुटेपछि...

सिरहा, १२ चैत्र। सिरहाको नरहा गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्षले आफ्नै सचिवलाई कुटपिट गरेका छन्। बिहीबार वडाध्यक्ष रुस्तम अन्सारीले वडा सचिव रामदेव मण्डललाई कार्यकक्षमै कुटपिट गरेका हुन्। भारतीय मूलका नेपाली बुहारीको जन्म तिथि र जन्म प्रमाणित सिफारिसमा फरक-फरक जन्म मिति सच्याउन अध्यक्षले दिएको दबाब नमाने पछि आफूमाथि कुटपिट गरिएको सचिव मण्डलले जानकारी दिए।

उनले भने, 'एक जना भारतीय बुहारी भएको सेवाग्राही विवाह दर्ता गराउन आउनु भएको थियो, उहाँको जन्म दर्ता र सिफारिसमा जन्म तिथि फरक भएकोले मैले उतैबाट सच्याएर ल्याउन भने, वडाध्यक्षले तपाई नै सच्याउनुस् भन्ने दबाब दिए। मैले सच्याउन मिल्दैन, उतैबाट सच्याएर ल्याउनु पर्छ भनेपछि ममाथि कुर्सी प्रहार गरियो र हातपात समेत भयो।' अध्यक्षले एक्कासि म माथि कुर्सी बजारे र मुक्का पनि हिर्काए। मैले राम्रोसँग बोल्न पनि पाइनँ।'

उनले अहिले आफू गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई घटनाबारे जानकारी गराउन आएको जानकारी दिए। उनले भने, 'म अहिले गाउँपालिका कार्यालयमा आएको छु, प्रमुखलाई घटनाबारे जानकारी गराएको छु कस्तो रेसपोन्स आउँछ त्यसपछि के गर्ने भन्ने विषयमा सोच्ने छु।' गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत उदित्य कुमार कर्णलाई यसबारे जिज्ञासा राख्दा उनले घटनाबारे बुझ्ने प्रयास भइरहेको बताए। यता गाउँपालिका अध्यक्ष रामप्रमोद यादवले भने आफूले घटनाबारे विस्तृतमा बुझ्न नपाएको बताए।

वडाध्यक्ष अन्सारीले भने आफू अहिले गाउँपालिकामै बैठकमा भएको भन्दै बोल्न मानेनन्।

## रौतहटमा कागजपत्र नभएका १५ मोटरसाइकल बरामद

रौतहट, १२ चैत्र। रौतहट प्रहरीले कागजपत्रविहीन १५ थान मोटरसाइकल र भन्सार छलीको सामान बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय र अस्थायी प्रहरी पोस्ट बसपार्कबाट खटिएको चेकिङ टोलीले बुधबार गौर नगरपालिका-४ बसपार्क चौकमा सवारी साधन जाँच गर्ने क्रममा कागजपत्र नभएका १५ वटा मोटरसाइकल बरामद गरेको हो।

बरामद मोटरसाइकलहरूको अनुमानित मूल्य ११ लाख ७० हजार रहेको प्रहरीले जनाएको छ। यसैगरी, भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरिएको ७२३० मूल्य बराबरको खाद्यान्न तथा अन्य सरसामानसमेत बरामद गरिएको छ। विभिन्न मिति र समयमा जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतबाट खटिएका

## खानेपानी पुगेपछि तरेगनावासी खुसी

**जीवछ यादव**

लहान, १२ चैत्र। लहान नगरपालिकाको उत्तरी चुरे क्षेत्रमा पर्ने वडा नम्बर १६ तरेगनामा खानेपानी आयोजना सञ्चालनमा आएपछि स्थानीयवासी खुसी भएका छन्। वि.सं. २०५६ सालमा सुरु भएको उक्त आयोजना २६ वर्षपछि लहान नगरपालिका र विकन परियोजना अन्तर्गत वाटरएडको सहयोगमा सञ्चालनमा आएको हो। लामो समयदेखि अलपत्र



रहेको आयोजना पुनः सञ्चालनमा आएपछि स्थानीयमा खुशी छाएको हो।दुई लाख २५ हजार लिटर

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगलेः**

- वालवालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्कतासमेत हुनसक्ने भएकोले
- बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## कार्यान्वयनमा नैतिक र राजनीतिक जटिलता

भदौ २३ र २४ गते जेन–जीका नाममा गरिएको आन्दोलनसँग सम्बन्धित दमन तथा विध्वंसका घटनाको जाँचबुझका लागि गठित न्यायिक आयोगको प्रतिवेदन अन्ततः सार्वजनिक भएको छ। प्रतिवेदनको निष्कर्षका सम्बन्धमा निकै पहिलेदेखि सूचना चुहाइएको भए पनि समग्रतामा सार्वजनिक जानकारी बल्ल भएको हो। सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको विरुद्धमा भदौ २३ मा भएको प्रदर्शनमा सुरक्षाकर्मीले गोली चलाउँदा केही प्रदर्शनकारी मारिएका थिए भने सरकारी र निजीसम्पत्तिमा आगजनी तोडफोड, प्रहरीको हत्याजस्ता विध्वंस भएको थियो। त्यसपछि तत्कालीन प्रधानमन्त्रीले राजीनामा गरेका थिए।

भदौ २३ र २४ का घटनाको जाँचबुझका लागि सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा न्यायिक आयोग गठन गरेको थियो। आयोगलाई प्रतिवेदन तयार गरी कारबाही सिफारिससहित सरकारलाई बुझाउन सुरुमा ३ महिनाको म्याद दिइएको थियो। तर, प्रतिनिधि सभाको निर्वाचन समाप्त नहुँदासम्म प्रतिवेदन आयोगले प्रतिवेदन बुझाएन। प्रतिवेदनमा भदौ २३ मा सुरक्षाकर्मीले चलाएको गोलीबाट भएको हताहतमा जिम्मेवार ठहर गरी तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी महानिरीक्षकलगायतमाथि कारबाही हुनुपर्ने उल्लेख भएको छ। यसैगरी भदौ २४ गतेको विध्वंस रोक्न बल प्रयोग नगरेकोमा नेपाली सेनालगायत सुरक्षा निकायका अधिकारीहरूको आलोचना र केहीलाई कारबाहीको सिफारिस गरिएको देखिन्छ।

आयोगका अध्यक्षको चयनदेखि नै कतिपय पक्षबाट छानबिनको निष्पक्षतामा शंका गरिएको थियो। प्रत्यक्ष दोषी ठहर गर्न अप्ठेरो देखिने भदौ २३ को घटनामा तत्कालीन प्रधानमन्त्रीदेखि घटनास्थलमा तैनाथ सुरक्षाकर्मीसम्मलाई मुद्दा चलाउन सिफारिस गर्ने आयोग भदौ २४ का घटनामा लगभग मौन देखिनुले पनि जाँचबुझ निष्पक्ष नभएकै शंका बलियो बनाएको छ। कानुन व्यवसायीहरूको संगठन नेपाल बार एसोसियसनले जाँचबुझ आयोगको प्रतिवेदनप्रति असहमति जनाइसकेको छ। आयोगले आफ्नो क्षेत्राधिकार बाहिर गएर न्यायालय र कानुन व्यवसायीका सम्बन्धमा समाजमा नकारात्मक प्रभाव पार्ने गरी प्रतिवेदन दिएको आरोप लगाएको छ। शासन सञ्चालनका अरू विषयमा पनि आयोगले क्षेत्राधिकार नाघेर टिप्पणी गरेको देखिन्छ।

न्यायिक जाँचबुझ आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा उल्लेखित सिफारिसहरू कार्यान्वयन गर्ने जिम्मेवारी भने निर्वाचित सरकारलाई हस्तान्तरण भएको छ। 'जेन–जी आन्दोलनको अपनत्व' लिएको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारले प्रतिवेदनका सिफारिस कार्यान्वयन गर्दा प्राकृतिक न्याय र विधिको शासनको मर्मको कति सम्मान गर्नेछ भन्ने हेर्न भने प्रतीक्षा गर्नुपर्नेछ। आयोगको निष्पक्षता निर्विवाद भएको भए र प्रतिवेदनले आयोगको क्षेत्राधिकारको लक्ष्मण रेखा उल्लंघन नगरेको भए सम्भवतः अक्षरशः कार्यान्वयन गर्न सरकारलाई कठिन हुनेथिएन। तर, आयोगले क्षेत्राधिकार नाघेर गरेको कारबाही सिफारिस र सुझावलाई यथावत् कार्यान्वयन गर्न खोजियो भने व्यावहारिक, कानुनी एवं नैतिक अप्ठेराहरू आइपर्ने देखिन्छ।

अर्कातिर, सरकारले प्रतिवेदनलाई बेवास्ता गर्ने छुट पनि पाउने देखिँदैन। सरकारमाथि न्यायिक आयोगको सिफारिसअनुसार कारबाही चलाउने र नचलाउने दुवै पक्षबाट दबाब पर्न सक्छ। विशेषगरी सुरक्षाकर्मीहरूमाथि कारबाही चलाउँदा पर्नसक्ने असरका सम्बन्धमा सरकार गम्भीर हुनैपर्छ। यस्तै, तत्कालीन प्रधानमन्त्रीलगायतमाथि कारबाही चलाइँदा राजनीतिक प्रतिशोधको आरोप पनि लाग्न सक्छ। भदौ २४ को विध्वंसमा संलग्नहरूमाथि थप अनुसन्धान गरी कानुनी कारबाही नचलाउने हो भने २३ का घटनामा मुद्दा चलाउने नैतिक आधार पनि हुनेछैन। यसैले सरकारले न्यायिक जाँचबुझ आयोगको सिफारिसको कानुनी र नैतिक पक्षसमेतको थप अध्ययन र अपराधका घटनाको अनुसन्धान गराएरमात्र निर्णय लिनु बुद्धिमानी हुनेछ। राजनीतिक प्रतिशोध र दण्डहीनता दुवै लोकतन्त्रमा सह्य र स्वीकार्य हुँदैन।

# चुलोचौकोदेखि क्याम्पससम्मः बदलिँदै शिशुवारीका छोरी–बुहारीको जीवन



**सुदिप राउत**

सप्तरी, १२ चैत्र। सप्तरीको सुरुङ्गा नगरपालिका–१ की सुमित्रा राउत ९ कक्षा पढ्दै गर्दा विवाह भयो। थप पढ्ने रहर त थियो, तर विवाहपछि उहाँको जीवनको लय मोडियो। राउतले करिब १० वर्षसम्म चुलोचौको, खेतीपाती र पारिवारिक जिम्मेवारीमै बित्यो। योबीचमा जिम्मेवारीले पढ्ने रहर ओझेलमा पर्‍यो, तर त्यो रहर अन्त्य भइसकेको थिएन। उहाँले फेरि अध्ययन सुरु गर्नुभयो र २०६७ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो। राउतको औपचारिक अध्ययनको यात्रा त्यत्तिमा रोकिएन, घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि उहाँले 'प्लस टू' मात्र होइन, गत वर्ष स्नातक (बिएड) समेत उत्तीर्ण गर्नुभएको छ।

"योबीचमा मैले विभिन्न गैरसरकारी संघसंस्थामा काम गरेँ, यस क्रममा औपचारिक शिक्षाको महत्त्व बुझेँ। पढाइमा तल्लो तहमा हुँदा धेरै अवसरबाट वञ्चित भएको महसुस हुन्थ्यो। बाहिर गएर पढ्ने सम्भावना थिएन, तर घर नजिकै क्याम्पस खुलेपछि पढ्न सहज भयो", राउतले खुसी व्यक्त गर्दै अगाडि भन्नुभयो, "अब यही स्नातकोत्तर पनि सञ्चालन भएमा पढाइलाई अझ अगाडि बढाउने चाहना छ। चाँडै त्यो सपना गर्ने अपेक्षामा छु।"

यस्तै, कथा डिकुरा पोखरेलको पनि छ। १५ वर्षअघि उदयपुरको गाईघाटस्थित त्रियुगा क्याम्पसबाट १२ कक्षाको अन्तिम परीक्षामा उहाँलाई एउटा विषय लाग्यो। त्यहीबीचमा विवाह भयो र पढाइ रोकियो। पछि सुरुङ्गास्थित घर नजिकै शिशुवारी क्याम्पस खुलेपछि पोखरेलले पुनः १२ कक्षा उत्तीर्ण गरी नेपाली विषयमा स्नातक गर्नुभयो र हाल स्नातकोत्तर सकेर अध्यापन गराइरहनुभएको छ।

सुमित्रा र डिकुरा त प्रतिनिधि पात्र मात्र हुन्। गाउँमै क्याम्पस स्थापना भएपछि उहाँहरूजस्तै सयौँ छोरी–बुहारीले यहाँ आफ्ना अधुरा सपनालाई पूरा गर्ने अवसर पाएका छन्। सप्तरीको उत्तर–पश्चिमी सीमान्त गाउँ शिशुवारीमा अवस्थित यो क्याम्पस स्थानीयको पसिना र चन्दाबाट ठडिएको हो। विसं २०६९ साउन १५ गते त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन पाएको यस क्याम्पसले उच्च शिक्षाको ढोका खोलिदिएको छ। हाल यहाँका ३०० भन्दा बढी बुहारीहरू स्नातक उत्तीर्ण भई कोही निजामती सेवा त कोही शिक्षण पेसामा प्रवेश गरेर आफ्नो संसार आफैँ बदल्न सफल भएका छन्।

क्याम्पस प्रमुख कृष्णप्रसाद तिम्सिनाका अनुसार यहाँ सप्तरीका मात्र होइन, छिमेकी जिल्ला सिरहा, उदयपुर, खोटाङ, सुनसरी र मोरङसम्मका छात्राहरू लाभान्वित भइरहेका छन्। "यहाँको गाउँले वातावरण, न्यून शुल्क र सुरक्षित वातावरणले गर्दा बुहारीहरूका लागि यो क्याम्पस माइतीको घरजस्तै बनेको छ", उहाँ भन्नुहुन्छ। क्याम्पस प्रमुख तिम्सिनाका अनुसार आर्थिक रूपमा कमजोर परिवारका लागि वार्षिक रु १४ हजार मात्र शुल्क निर्धारण गरिएकाले यो क्याम्पस अन्य सामुदायिक क्याम्पसभन्दा करिब ३० प्रतिशत सस्तो र सहज पहुँचयोग्य बनेको छ। साथै, अतिविपन्न विद्यार्थीलाई निःशुल्क भर्ना गर्ने व्यवस्था पनि गरिएको छ। क्याम्पसको यो गुणस्तरीय र सुलभ शिक्षाले धेरैको जीवनमा व्यावसायिक परिवर्तन ल्याएको छ।

उदयपुरको मुर्कुचीबाट विवाह गरी आएकी टुना माया मगरले यहीबाट स्नातक गरी शिक्षक सेवा आयोग उत्तीर्ण गर्नुभएको छ। हाल उहाँ जनप्रभावत मावि दौलतपुरमा स्थायी शिक्षिका हुनुहुन्छ। यस्तै, दुई वर्षअघि यही अध्ययन गर्नुभएकी मनिशा विकले पनि शिक्षक सेवा उत्तीर्ण गरेर राष्ट्रिय प्राविमा अध्यापन गराइरहनुभएको छ।

यस्तै, कथा छ प्रेमा थापामगरको पनि। उहाँले शिशुवारी क्याम्पसमा प्लस टू अध्ययन गरे पनि त्यतिबेला क्याम्पसमा स्नातक तह सञ्चालन नभएकाले लहानस्थित जेएस मुरारका बहुमुखी क्याम्पसबाट स्नातक गर्नुभयो। "त्यतिबेला यहाँ स्नातक तहको अध्ययन हुन्थेन, त्यसैले बाहिर बसेर पढ्नुपर्‍यो। हाल भने धेरै दिदीबहिनीहरूले गाउँमै पढ्न पाएका छन्, त्यो देख्दा खुसी लाग्छ," उहाँले भन्नुभयो, "हाल शिशुवारीमा स्नातक नगर्ने कुनै घर छैन, यो यस क्याम्पसको गौरव हो।"

लहान माइती भएकी करिनाकुमारी महतोले गत वर्ष बिहे गरेर शिशुवारी आएपछि पनि अध्ययनलाई छोड्नुभएन। हाल कक्षा १२ मा अध्ययनरत उहाँलाई वैदेशिक रोजगारीका लागि साउदी अरबमा रहेका श्रीमान् कृष्ण महतोले उत्तिकै हौसला दिइरहनुभएको छ। "खेतीपाती र पशुपालन गर्ने बुबाआमाले बाहिर राखेर पढाउन सक्ने अवस्था थिएन। हाल घरको काम भ्याएर पनि पढ्न पाएकी छु, घरपरिवार सबै खुसी हुनुहुन्छ", महतोले भन्नुभयो।

शिशुवारी क्याम्पसले सुरुङ्गाका छोरी–बुहारीहरूका लागि केवल 'डिग्री' मात्र बाँडेको छैन, एउटा आत्मविश्वास र आत्मनिर्भरताको बाटो पनि कोरिदिएको छ। पारिवारिक उल्झन र आर्थिक अभावका कारण बीचैमा पढाइ छाडेर गृहिणीमा सीमित भएकाहरू हाल उच्च शिक्षा हासिल गर्ने सपना देखिरहेका छन्।

**मट्टीदानबाट ठडिएको 'ज्ञानको मन्दिर'**

यो परिवर्तनको कथा त्यतिबेला सुरु भयो, जब गाउँमा 'ज्ञानको मन्दिर' ठड्याउन स्थानीयले मुट्ठीदान सुरु गरे। लहानका गणपतलाल सारडाले २१ कट्ठा जग्गा दान गरेपछि सुरु भएको यो अभियानमा स्थानीय नारायणप्रसाद पराजुलीले रु तीन लाख बराबरको जग्गा थप्नुभयो। अन्य गाउँलेले गच्छेअनुसार रु १० हजारदेखि रु ५१ हजारसम्म नगद सहयोग गरे। क्याम्पसका लेखापाल ज्ञानेन्द्र धमलाका अनुसार १४ वर्षको अवधिमा स्थानीयबाट मात्र रु १७ लाखभन्दा बढी नगद सहयोग जुटेपछि विद्यालयको विकासमा सहयोग पुगेको हो। 'स्थानीयको अपनत्व' का कारण क्याम्पसले स्थानीयस्तरमा गुणस्तरीय शिक्षा दिन सहज भएको उहाँको भनाइ छ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष एवं सुरुङ्गा–१ का वडाध्यक्ष छत्रबहादुर राउत ( राजकुमार) क्याम्पसले विभिन्न बाधा झेलेर पनि स्थानीयमा शिक्षाको ज्योति बाल्न योगदान गरिरहेको बताउनुहुन्छ। "मैले जिम्मेवारी लिँदा भवन जीर्ण थियो, शिक्षकहरूको तलब झन्डै दुई लाख बक्यौता थियो र जम्मा १० जना विद्यार्थी मात्र थिए", उहाँ विगत कोट्याउनुहुन्छ,"तर हार नखाई चलाइएको घरदैलो अभियानले ५२ जना छोरी–बुहारीलाई क्याम्पस भर्ना गरायो। शिक्षकहरूले महिनौँसम्म तलब नपाउँदा पनि कक्षा रोकेनन्, जसको नतिजास्वरूप यो क्याम्पस कोशी प्रदेशमै बिएडतर्फको नतिजामा पहिलो हुन सफल भएको छ।" राउतको यो तेस्रो कार्यकाल हो।

यही क्याम्पसको स्नातक पहिलो ब्याचका विद्यार्थी एवं हाल सञ्चालक समिति सदस्य काशि कार्कीका अनुसार यहाँ पढेका कैयौँ विद्यार्थीहरू नेपाल सरकारको निजामती सेवामा प्रवेश गरेर राष्ट्र सेवामा जुटिसकेका छन्। कुनै समय सामान्य लेखपढ मात्र भएको यो गाउँमा हाल प्रायः हरेक घरमा कम्तीमा एकजना स्नातक उत्तीर्ण छोरी वा बुहारी भेटिन्छन्। "यो अभियानको सबैभन्दा ठूलो सफलता हो। हाल तराई मधेस समृद्धि कार्यक्रममार्फत बनेको पक्की भवनमा कक्षा सञ्चालन भइरहेको छ भने भारतीय दूतावासको रु पाँच करोड लागतमा निर्माणाधीन तीनतले अत्याधुनिक भवन आगामी वैशाखमा उद्घाटन गर्ने तयारी छ। यी पूर्वाधार बनेमा थप सहज हुनेछ", उहाँले भन्नुभयो।

त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बिएड र प्लस टूतर्फ शिक्षा र व्यवस्थापन संकायको अध्ययन अध्यापन भइरहेको यस क्याम्पसले विद्यार्थीलाई

–बाँकी तीन पेजमा

# श्री लक्ष्मण ललिता कुशवाहा माध्यमिक विद्यालय रघुनाथपुर-३

**लहान, सिरहा**

## कृषि फर्म प्रयोजनको लागि जग्गा ठेक्का सम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति : २०८२।१२।११ गते**

लहान नगरपालिका वडा नं. ३ अन्तर्गत सु-सञ्चालित श्री ल.ल.कु.मा.वि.लहान-३ रघुनाथपुरको मातहतमा रहेको जिल्ला सिरहा गा.वि.स.लहान गोठ वडा नं. २ को कि.न. १५१, १५२, १९४ को जम्मा ज.वि. ०-५-७ (पाँच कट्ठा सात घुर), जिल्ला सिरहा गा.वि.स.भदैया वडा नं. ४ र ६ (क) को कि.न.५४, ५५, ५६, ५७ को जम्मा ज.वि. ३-१-७ (तिन बिगाहा एक कट्ठा सात धुर) र ऐ.ऐ.वडा नं. ४ (ख) को सिम ज.वि.०-१२-० जग्गा समेत गरी जम्मा ज.वि.३-१८-१४ जग्गा यस विद्यालयको वि.व्य.स.को निर्णयाअनुसार उक्त जग्गाहरु कृषि फर्म प्रयोजनको लागि जग्गा ठेक्का दिने भनी डाकबोलको न्यूनतम मूल्य प्रति वर्ष रु.१०१०००।- (एक लाख एक हजार रुपैयाँमा मात्र) कायम गरी उल्लिखित जग्गाहरु ठेक्कामा लगाउनुपर्ने भएको हुँदा इच्छुक नेपाली नागरिकबाट निम्न शर्त र नियमहरुको अधीनमा रही रीतपूर्वकको गोप्य सिलवन्दी बोलपत्र (टेन्डर) आह्वान गरिएको छ।

**तपसिल**

१. बोलवपत्र (टेन्डर) फाराम दस्तुर रु. २५०।- दुई सय पचास (फिर्ता नहुने गरी) नगद तिरी विद्यालय समय-भित्र कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्र साथमा आफूले कबुल गरेको ठेक्का रकमको ५% ले हुने रकम विद्यलायको ने.वै.लि. लहान शाखाको चल्ती हिसाब नम्बर ०३६००१०६४६२२३००००००१ मा जम्मा गरी सोको सक्कल भौचर वा नगद सहित बोलपत्र साथ पेश गर्नु पर्ने छ। सबैभन्दा बढी रकम भएका बोलपत्र स्वीकृत गरी एकमुष्ट रकम सूचना पाएको सात दिनभित्र विद्यालयको खातामा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ। तर विदेशी बोलपत्र दाता भएमा सुरुमा एकमुस्ट बैंक खातामा नगद जम्मा गरी सक्कल भौचर वा नगद बुझाउनु पर्ने छ।

३. टेन्डर दर्ता विद्यालयको समय बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म रहने छ।

४. यो सूचना प्रकाशित मितिले २१ दिनभित्र विद्यालयको समयमा टेन्डर दर्ता गराउने समय ४:०० बजे सकिनेछ। म्यादभित्र दर्ता हुन आएको बोलपत्र दर्ता हुने म्यादको अन्तिम दिन ५:०० बजे विद्यालयमा बोलपत्र दर्ता वा प्रतिनिधिको उपस्थितिमा वा अनुस्थितिमा पनि बोलपत्र खोलिने छ। उक्त टेन्डर स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वि.व्य.स.मा निहित रहने छ।

५. ठेक्का अवधि १० वर्षसम्मको लागि हुने छ।

६. उल्लिखित कि.न.हरुको जग्गामा फर्म सञ्चालन गर्दा टेन्डरकर्ताले लगाएको विभिन्न जातहरुको रुख टेन्डर अवधि समाप्त पछि उक्त रुखहरु टेन्डर कर्ताले लान पाउने छैन उक्त रुखहरु विद्यालयको अधीनमा रहने गरी छाडी जान पाउने छ।

७. टेन्डर कर्ताले टेन्डर प्राप्त गरेको रकम बमोजिमको रकम दुई वर्षको पेस्की बापत जम्मा गर्नु पर्ने छ र उक्त पेस्की बापतको रकम टेन्डर अवधि समाप्त भएको बखत जग्गाहरुको अवस्था हेरी फिर्ता दिने लिने छौं।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विद्यालयमा सुरक्षित रहने छ।

९ न्यूनतम बोलपत्र टेन्डर रकमप्रति वर्षको लागि रु. १,०१,०००।- (एक लाख एक हजार रुपैयाँ मात्र) भन्दा कम भएको, म्याद नाघी वा रित नपुगी प्राप्त भएको टेन्डर उपर कारबाही हुनेछैन। टेन्डर रकममा प्रत्येक २ वर्षपछि १०% का दरले वृद्धि हुने छ।

१०. टेन्डर सम्बन्धमा थप जानकारी आवश्यक भए विद्यालय समयभित्र कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

११. उल्लिखित कि.न. को जग्गाहरुको टेन्डर पाई कृषि प्रयोजन सम्बन्धी कामकाज गर्दा उक्त जग्गहरुमा टेन्डर प्राप्त कर्ता आफैले आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नुपर्ने। उक्त कार्य गर्दा जग्गाको संरचना फेरबदल हुने भएको हुँदा उक्त जग्गहरुको टेन्डर अवधि समाप्त भएपछि टेन्डर प्राप्त कर्ताले उक्त जग्गालाई शुरुकै अवस्थामा रहेको जस्तो बनाई छाडनु पर्ने छ।

१२. उल्लिखित जग्गाहरु टेन्डर पाइसकेपछि ठेक्कामा मन्जुर भएको रकम प्रतिवर्षको आषाढ मसान्तभित्र यस विद्यालयको खातामा अनिवार्य रुपमा जम्मा गर्नु पर्ने छ। यदि ठेक्का पाई मन्जुर भएको रकम उल्लिखित समयमा बैंकमा जम्मा गरी भौचर उपलब्ध नगराएमा सम्झौता भएको टेन्डर रद्द हुनेछ र सोबाट हुने क्षतिपूर्तिको जिम्मेवारी टेन्डर प्राप्त कर्ता स्वयम हुनेछ।

१३. टेन्डर साकार गरी तोकिएको समयभित्र चलन पुर्जी लिई सक्नुपर्ने छ नलिएमा उक्त टेन्डरलाई रद्द गरी जम्मा गरिएको रकमसमेत फिर्ता नगरिनुको साथै वि.व्य.स.को निर्णय अनुसार व्यवस्था गरिनेछ।

सम्पर्क नं. ९८५२८५८५२८, ९८४७८३१५२८

**प्रधानाध्यापक**


# प्रहरीलाई अभद्र व्यवहार गरेको आरोपमा दुई जना पक्राउ

**धीरेन्द्रप्रसाद साह**

राजविराज, १२ चैत्र। प्रहरीलाई अभद्र व्यवहार गरेको आरोपमा दुई जना पक्राउ गरिएको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीकाअनुसार मोटरसाइकल चोरीसम्बन्धी घटनाको अनुसन्धानका क्रममा शंकास्पद व्यक्तिको खोजतलास गर्दै जाने क्रममा कञ्चनरूप नगरपालिका-१ का १८ वर्षीय मसुद सेख र २२ वर्षीय ईसुब मन्सुरीलाई फेला पारिएको थियो।

सोधपुछका क्रममा उनीहरूले प्रहरी टोलीमाथि गालीगलौज गर्दै हातपातसमेत गरी अभद्र व्यवहार गरेकोले दुवैजनालाई नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो। पक्राउ परेका मसुद सेख र ईसुब मन्सुरीविरुद्ध अभद्र व्यवहार मुद्दामा अनुसन्धान अघि बढाइएको छ। सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिनुभयो।

# लालबन्दीमा रंगशाला बनाउने योजना अधूरो

**जनार्जन खत्री**

सर्लाही, १२ चैत्र। सर्लाहीको लालबन्दी नगरपालिका ६ मा रहेको राधाकृष्ण फुटबल मैदानलाई रङ्कशाला बनाउने योजना वर्षौंदेखि अलपत्र रहेको छ। नगरपालिका कार्यालय र फुटबलसँग सम्वद्ध निकायले लालबन्दीको यो ऐतिहासिक फुटबल मैदानलाई रङ्गशाला बनाउन लामो समयदेखि प्रयास गर्दै आइरहेका छन्, तर वन कार्यालयले रङ्गशालाका लागि संरचना निर्माण गर्न अनुमति नदिँदा बारम्बार विनियोजन गरिएको बजेट फ्रिज भएर गइरहेको छ।



दुई वर्षअघि लालबन्दी नगरपालिकाले रङ्गशालाका लागि ६५ लाख रुपियाँ बजेट विनियोजन गरेको थियो। त्यसबेला निर्माण सामग्री खसालेर काम सुरु गर्नासाथ डिभिजन वन कार्यालयले हस्तक्षेप गरेर काम अघि बढाउन दिएन। दर्जनौँ स्थानीय तथा राष्ट्रियस्तरका फुटबल प्रतियोगिता आयोजना भएका मैदानलाई रङ्गशाला बनाउन छेउछाउका केही रुख कटान गर्नुपर्ने अवस्था छ। खेल मैदान रहेको जग्गा राधाकृष्ण सामुदायिक वनभित्र पर्छ ।

फुटबल मैदानको संरक्षण भने सर्लाही जिल्ला फुटबल संघले गर्दै आइरहेको छ। संघका निवर्तमान उपाध्यक्ष विभुसिंह थापाले रङ्गशाला बनाउन विभिन्न निकायबाट बारम्बार बजेट प्राप्त भए पनि वन कार्यालयबाट अनुमति नपाउँदा समस्या परेको बताउनुभयो। यस क्षेत्रमा दर्जनौँ खेलाडी जन्माएको ऐतिहासिक फुटबल मैदानलाई रङ्गशाला बनाउन सके ठुलो उपलब्धि हुने थापाको भनाइ छ। "पूर्वपश्चिम राजमार्गबाटै देखिने मैदानलाई रङ्गशाला बनाउन पाए त यस क्षेत्रको बेग्लै इज्जत, प्रतिष्ठा हुने थियो," थापाले भन्नुभयो, "धेरै पटक बजेट ल्यायौँ तर वनको जग्गा भएकाले काम गर्नै नपाएर पटकपटक फ्रिज भएर गइरहेको छ ।"

वर्षौंदेखि प्रयास गर्दा पनि रङ्गशाला बनाउन नसक्दा खल्लो महसुस भइरहेको थापाले बताउनुभएको छ। लालबन्दी फुटबल मैदानलाई विस्तार गरी मकवानपुरको पिप्ले रङ्गशाला झैँ बनाउने योजना बनाइएको थियो। फुटबल मैदानले अहिले ओगटेको भू-भागमा फुटबल गतिविधि गर्न कुनै समस्या नरहे पनि छेउछाउका केही रुख कटान गरेर रङ्गशाला नै निर्माण गर्न भने वन कार्यालयले अनुमति दिएको छैन्। रङ्गशाला निर्माणका लागि राजनीतिक खिचातानीसमेत देखा परेको फुटबलप्रेमीले गुनासो गरेका छन् ।

**-बाँकी अन्तिम पेजमा**

## चुलोचौकोदेखि ..

कम्प्युटरको आधारभूत सीप र शिक्षक सेवा आयोगको तयारी कक्षासमेत निःशुल्क उपलब्ध गराउँदै आएको छ। क्याम्पस प्रमुख तिम्सिनाका अनुसार हाल यहाँ प्लस टूतर्फ २०० र स्नातकतर्फ २२५ जना विद्यार्थी अध्ययनरत छन्, जसमा छोरी-बुहारीहरूको बाहुल्यता छ। स्थानीयको चन्दा र गाँस काटेर गरिएको सहयोगबाट सञ्चालित यस क्याम्पसले विपन्न परिवारका छोरी-बुहारीहरूका लागि वास्तवमै अँध्यारोमा एउटा उज्यालो दियोको काम गरिरहेको छ। चुलोचौकोको धुवाँबाट निस्किएर उच्च शिक्षासम्म पुग्ने यहाँका छोरी–बुहारीहरूको यात्राले शिशुवारीलाई केवल एउटा शैक्षिक संस्था मात्र होइन, सामाजिक परिवर्तनको एउटा बलियो केन्द्र बनाएको छ।

## खानेपानी पुगेपछि ...

क्षमताको ओभरहेड ट्यांकी निर्माण सम्पन्न भए पनि बोरिङ जडान सफल हुन नसक्दा आयोजना लामो समयसम्म रोकिएको थियो। खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय राजविराजले नेपाल खानेपानी संस्थान लहानलाई हस्तान्तरण गरेपछि वाटरएड नेपालको आर्थिक तथा प्राविधिक सहयोग र दलित जनकल्याण युवा क्लब नेपालको पहलमा खानेपानी दिवसको अवसर पारेर आयोजना सञ्चालनमा ल्याइएको हो।

ओभरहेड ट्यांकी निर्माणपछि स्वच्छ खानेपानी प्रयोग गर्ने आशा गरेका स्थानीयहरू बोरिङ जडान असफल भएपछि निराश बनेका थिए। स्थानीय देवेन्द्र यादवले भन्नुभयो, "ओभरहेड ट्यांकी हेरेरै चित्त बुझाउनुपर्ने अवस्था आएको थियो, तर खानेपानी दिवसको अवसरमा आयोजना सञ्चालनमा आएपछि २६ वर्षको सपना पूरा भएको छ।" नेपाल खानेपानी संस्थान लहानका प्रमुख राकेश गोइतका अनुसार करिब पाँच सय घरपरिवारलाई २४ घण्टा स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यका साथ दोस्रो प्रयासमा आयोजना सफल भएको हो।

चुरे क्षेत्रमा पर्ने तरेगनामा पानीको मुहान सुक्दै जाँदा हरेक वर्ष खानेपानीको अभाव हुने गरेको थियो। अब भने उक्त समस्याबाट मुक्ति मिलेको वडाध्यक्ष गरुलबहादुर जर्घा मगरले बताउनुभयो। उहाँले भन्नुभयो, "यस आयोजना सफल बनाउन लहान नगरपालिका, दलित जनकल्याण युवा क्लब तथा विकन परियोजनाको भूमिका प्रशंसनीय छ ।" लहान नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार नगरपालिकाको सहरी क्षेत्रबाट टाढा रहेका वडा नम्बर १३, १४, १५, १६, १७, १८ र २३ मा अलपत्र रहेका खानेपानी आयोजनाहरू सञ्चालनमा ल्याउने काम अन्तिम चरणमा पुगेको छ। उहाँले भन्नुभयो, "खानेपानी आयोजना लहान नगरपालिका र नेपाल खानेपानी संस्थानको मातहतमा आएपछि कामले गति लिएको छ।"

## लालबन्दीमा...

सर्लाही जिल्ला फुटबल संघका महासचिव कुलप्रसाद गौतम ( शिवहरि) ले फुटबल मैदानको जग्गा आफ्नूहरुको स्वामित्वमा नहुँदा योजना अनुसार काम गर्न नपाएको गुनासो गर्नुभयो। डिभिजन वन कार्यालयले वनको जग्गामा संरचना निर्माण गर्न मन्त्रिपरिषदबाट निर्णय हुनुपर्ने जनाएको छ। लालबन्दी नगरपालिकाका प्रमुख वासुदेव अधिकारीले फुटबल मैदानलाई रङ्गशाला बनाउन अब संघीय सरकारबाट निर्णय गराउन पहल गरिने बताउनुभयो। कृषि विश्व विद्यालयका लागि लालबन्दी नगरपालिका १६ परवानीपुरमा वनको खाली जग्गा रहेको क्षेत्र प्राप्तीका लागि प्रक्रिया अघि बढाइको र यो प्रक्रिया पुरा भएपछि फुटबल मैदानका लागि जग्गा प्राप्तीको काम अघि बढाइने नगर प्रमुख अधिकारीको भनाइ छ।

नगर प्रमुख अधिकारीले भन्नुभयो,“एकैपटक दुईतिरको जग्गा लिने प्रक्रिया अघि बढाउन नमिल्ने रहेछ, त्यसैले पहिले विश्व विद्यालयको काम सकौँ अनि रङ्गशालाका लागि प्रक्रिया अघि बढाउने योजनामा छौँ।"

# प्रतिनिधिसभाका नवनिर्वाचित सदस्यहरूले लिए पद तथा गोपनीयताको सपथ



काठमाडौँ, १२ चैत्र। २६ वर्षपछि एक दलको पूर्ण बहुमतसहितको प्रतिनिधिसभाको कार्यकाल आज प्रारम्भ भएको छ। जेन-जी आन्दोलनको जगमा फागुन २१ मा भएको प्रतिनिधिसभाको निर्वाचनबाट विजयी सांसदहरूले बिहीबार पद तथा गोपनीयताको शपथ लिएका छन्। नवनिर्वाचित सांसदहरूलाई जेष्ठ सदस्य अर्जुननरसिंह केसीले संसदको नयाँ भवन सिंहदरवारस्थित बहुउद्देश्यीय हलमा शपथ गराउनु भएको हो।

केसीले हिजो राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सपथ लिनु भएको थियो। २ सय ७५ जना सांसदहरूमध्ये ६१ जनाले मातृभाषामा सपथ लिएका छन्। उनीहरूले नेपाल भाषा, डोटेली, मैथिली, बज्जिका, भोजपुरी, थारू, मगही, संस्कृत, चाम्लिङ, तामाङ, छन्त्याललगायत भाषामा सपथ लिएका छन्। मातृभाषामा सपथ लिएकाहरूले नेपाली र मातृभाषा दुवैमा हस्ताक्षर गरेका छन्।

२ सय ७५ सदस्यीय प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले १ सय ८२ सिटको प्रचण्ड बहुमत प्राप्त गरेको छ। २०५६ सालको प्रतिनिधिसभापछि कुनै पनि राजनीतिक दलले निर्वाचनमा एकल बहुमत प्राप्त गरेको यो पहिलो पटक हो। २०५६ सालमा २०५ सदस्यीय प्रतिनिधिसभामा नेपाली कांग्रेसले १ सय ११ स्थान जित्दै बहुमत ल्याएको थियो। मिश्रित निर्वाचन प्रणालीअनुसार हुने प्रतिनिधिसभा निर्वाचनमा राजनीतिक दललाई सामान्य बहुमत ल्याउन पनि कठिन हुने ठानिए पनि रास्वपाले स्पष्ट बहुमत पनि पार गर्दै करिब दुई तिहाइ मत ल्यायो। अघिल्लो प्रतिनिधिसभामा पहिलो दल बनेको नेपाली कांग्रेस नयाँ संसदमा ३८ स्थानमा खुम्चिएको छ भने नेकपा एमालेको २५ सिट, नेपाली कम्युनिस्ट पार्टी नेकपाको १७, श्रम संस्कृति पार्टीको सात र राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाको पाँच सिट छ। यस्तै, म्याग्दीबाट स्वतन्त्र उम्मेदवारी दिएका पूर्वमन्त्री महावीर पुन पनि संसद्रु प्रवेश गर्नुभएको छ।

सांसदहरूको सपथपछि राष्ट्रपतिले संसद्को अधिवेशन आह्वान गर्नुहुनेछ। अधिवेशनको पहिलो बैठकमा दुवै सदनलाई राष्ट्रपतिले सआम्बोधन गर्नुहुनेछ।

# इन्धन मूल्यवृद्धिको मारमा किसान

**अजय शाह**

महोत्तरी, १२ चैत्र। लगातार बढ्दै गएको इन्धनको मूल्यले तराई मधेशका किसानको दैनिक जीवन मात्र होइन, खेतीपातीको शैलीसमेत परिवर्तन गर्न थालेको छ। पछिल्लो पटक पेट्रोलियम पदार्थमा भएको भारी मूल्यवृद्धिपछि किसानहरू आधुनिक कृषि उपकरणबाट टाढिँदै परम्परागत प्रणालीतर्फ फर्किन बाध्य देखिएका छन्। महोत्तरीको औरही नगरपालिका-५, श्रीपुरमा अहिले चैतको चर्को घामबिच किसानहरू गोरु जोतेर खेत तयार पारिरहेका दृश्य फेरि सामान्य बन्न थालेका छन्। केही वर्षअघिसम्म ट्याक्टरको आवाजले गुन्जायमान हुने खेतहरू अहिले फेरि हलो र गोरुको भरमा जोतिन थालेका छन्।



औरही नगरपालिका-५ का किसान जगदीश यादवका अनुसार इन्धनको मूल्य अत्यधिक बढेपछि ट्याक्टर प्रयोग गर्नु निकै महँगो भएको छ। “ट्याक्टर ल्याउँदा खर्च धेरै हुन्छ, अनि समयमा पनि पाइँदैन,” उहाँ भन्नुहुन्छ, “आफ्नै गोरु हुँदा चाहेको बेला खेत जोत्न पाइन्छ, त्यसैले फेरि पुरानै तरिकातिर फर्किनुपरेको छ।”

यादवको चार बिघा जमिनमध्ये दुई बिघामा उखु खेती हुन्छ भने बाँकी जमिन पनि क्रमशः गोरुको सहारामा जोतिँदै आएको छ। ६ सदस्यीय परिवारको जीविकोपार्जन कृषि पेशामै निर्भर छ। वार्षिक करिब १० लाख रुपैयाँ आम्दानी हुने गरे पनि बढ्दो लागतका कारण बचत भने न्यून हुने गरेको उहाँ बताउनुहुन्छ। “आम्दानी जति हुन्छ, खर्च पनि उस्तै हुन्छ,” उहाँले गुनासो गर्नुभयो, “मलखाद महँगो छ, बिउ महँगो छ, अब इन्धन पनि महँगो भएपछि किसानलाई बाँच्नै गाह्रो भएको छ।”


स्थानीय अर्का किसान रामउदित महतो पनि यस्तै समस्याबाट गुज्रिरहेका छन्। उहाँका अनुसार ट्याक्टरले खेत जोत्न प्रतिघण्टा हजारौँ रुपैयाँ लाग्ने भएकाले साना किसानका लागि त्यो सम्भव छैन। “पहिले ट्याक्टर सजिलो लाग्थ्यो, तर अहिले त्यसको खर्च धान्न सकिँदैन,” उहाँ भन्नुहुन्छ, “गोरु पाल्न खर्च लागे पनि दीर्घकालमा सस्तो पर्छ।” सिँचाइको अवस्था पनि त्यत्तिकै चुनौतीपूर्ण बन्दै गएको छ। डिजेलबाट चल्ने पम्पसेट (दमकल) प्रयोग गर्दा लागत ह्वात्तै बढेको किसानहरूको भनाइ छ। “पानी त चाहिन्छ, तर डिजेलको मूल्यले सिँचाइ गर्नै गाह्रो भएको छ,” गौशाला नगरपालिका ५ का स्थानीय किसान सीता देवी यादव भन्नुहुन्छ, “बाली जोगाउनै सकस पर्छ।”

किसानहरूका अनुसार उत्पादन लागत बढ्दै जाँदा नाफा घट्दो छ, जसले गर्दा धेरैजसो किसान खेतीप्रति निराश हुन थालेका छन्। “सरकारले किसानका लागि सहयोगको कुरा त गर्छ, तर व्यवहारमा त्यस्तो महसुस हुँदैन,” सोनमा गाउँपालिका ३ का किसान धर्मेन्द्र यादव भन्नुहुन्छ, “मल समयमा पाइँदैन, सहुलियत छैन, अनि बजारको पनि ग्यारेन्टी छैन।” यता गाउँका अन्य किसानहरू पनि विस्तारै गोरु प्रयोगतर्फ आकर्षित हुन थालेका छन्। परम्परागत खेती प्रणाली श्रमसाध्य भए पनि खर्च कम हुने भएकाले अहिलेको परिस्थितिमा विकल्पका रूपमा देखिएको छ।

कृषि विज्ञहरूका अनुसार इन्धन मूल्यवृद्धि, मलखाद अभाव र बजार व्यवस्थापनको कमजोरीजस्ता कारणले किसानहरू दबाबमा परेका छन्। यदि समयमै नीतिगत व्यवस्था नगरिए किसानहरू खेतीबाटै विस्थापित हुने जोखिम बढ्न सक्ने उनीहरूको चिन्ता छ। महोत्तरीका किसानहरूको यो अवस्था केवल एउटा क्षेत्रको समस्या मात्र नभई देशभरकै कृषिक्षेत्रको संकेत भएको सरोकारवालाहरू बताउँछन्। आधुनिकताबाट परम्परातर्फको यो फर्काइले किसानको पीडा मात्र होइन, नीतिगत कमजोरी पनि उजागर गरेको छ।

## हुण्डी रकमसहित एक पक्राउ

वीरगन्ज, १२ चैत्र। वीरगन्जबाट स्रोत नखुलेको हुण्डी रकम सहित एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा वीरगन्ज महानगरपालिका-८ गहवा निवासी अन्दाजी ४४ वर्षीय अनिल कुमार शाह पक्राउ रहेको प्रहरीले जनाएको छ। वीरगन्ज महानगरपालिका १६ स्थित भन्सार मेनगेटबाट भारततर्फ आउँदै गरेको ना २ प ९५८७ नम्बरको हिरो होण्डा मोटरसाइकलमा सवार शाहलाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गणका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाले जानकारी दिए। उनका अनुसार पक्राउ परेका शाहबाट नगदमा नेपाली १ हजार दरका ९०० थान नोट गरी जम्मा ९ लाख रुपैयाँ बरामद भएको हो।



## तीन जना लागुऔषध सेवनकर्ता पक्राउ

**धीरेन्द्रप्रसाद साह**

राजविराज, १२ चैत्र। सप्तरी प्रहरीले लागु औषध मुद्दामा संलग्न रहेको आरोपमा तीन जनालाई पक्राउ गरिएको छ। पक्राउ परेका तीनै जना एकै वडावासी हुन्। उनीहरू उपर अनुसन्धानका लागि सात दिनको म्याद थप गरिएको छ। सो क्रममा चौधरीको घरबाट प्रहरीले डाइजेपाम ११ एम्पुल, फेनरगन १० एम्पुल र बुप्रेनोर्फिन १२ एम्पुलसहित विभिन्न आइफोन ११ प्रो, रेड्मी नोट १४ प्रो र रियलमी नोट ७० प्रो मोबाइल सेटहरू बरामद गरेको उहाँले जानकारी दिनुभयो। घटनास्थलबाट ३० वर्षीय सुन्दर चौधरीसहित, वडा नं. १० बेल्हाका २२ वर्षीय शुभास चौधरी र २१ वर्षीय राजाबाबु चौधरीलाई लागु औषध सेवन गरिरहेको अवस्थामा नियन्त्रणमा लिइएको प्रनाउ पुरीले बताउनुभयो। पक्राउ परेका तीनै जनाविरुद्ध लागु औषधसम्बन्धी मुद्दामा अनुसन्धान अघि बढाइएको र अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिनुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)